# संघीय संसद, राष्ट्रिय सभा,
# संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति

- संघीयता कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि नेपाल सरकारको यथेष्ट ध्यानार्कषण दिई संविधानले परिकल्पना गरेको उद्देश्य पूरा होस् भनी राष्ट्रिय सभामा २०७९ जेष्ठ १९ गते संकल्प प्रस्तावमाथि छलफल तथा सर्वसम्मतीले उक्त प्रस्ताव स्वीकृत भएको,
- सभाले संकल्प प्रस्तावमा समावेश भएका विषयहरुको कार्यान्वन गर्न सरकारलाई स्पष्ट निर्देशन गरेको,
- राष्ट्रिय सभाको २०७९ जेष्ठ २० को बैठकले संकल्प प्रस्तावका प्रस्तावक मा.खिमलाल देवकोटाको संयोजकत्वमा मा.उदय बहादुर बोहरा, मा. प्रकाश पन्थ, मा.प्रमिला कुमारी, माया प्रसाद शर्मा, मा.विमला राई पौडयाल र मा. मा.रामचन्द्र राई सदस्य रहेको ७ सदस्यीय “संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति” को गठन
- समितिलाई संघीयता कार्यान्वयन सम्बन्धमा राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत लगायत सबै पक्षको अध्ययन गरी राष्ट्रिय सभामा प्रतिवेदन पेश गर्ने कार्यदिश, कार्यावधि समितिले कार्य प्रारम्भ गरेको मितिले ४ महिना रहेको,
- समितिको पहिलो बैठक मिति २०७९/०२/२७ वसेको, अध्ययन अवधि भरमा समितिका जम्मा ३४ बैठकहरु सम्पन्न भएका,
- अध्ययनका लागि समितिले मूलभूत रुपमा छलफल, अन्तरक्रिया र प्रश्नावलीको विधी अपनाएको,
- संघीय संसद (राष्ट्रिय सभा र प्रतिनिधि सभा) मा प्रतिनिधित्व गर्ने दलका नेताहरु, संसदीय समितिका सभापतिहरु, माननीय सदस्यहरु, संविधान सभाका सदस्यहरु, राजनीतिक दलका नेताहरु, प्रदेशका मुख्यमन्त्रीहरु, प्रदेश सभाका सभामूखहरु, प्रदेशका पूर्व मुख्यमन्त्रीहरु, प्रदेशका मन्त्रीहरु, प्रदेशसभाका साँसदहरु, संघीय संसदका महासचिव र सचिवहरु, नेपाल सरकारका सचिवहरु, संघीय संसदका समितिका सचिववहरु, स्थानीय संघ महासंघका पदाधिकारीहरु, स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु, प्रदेश सरकारका सचिवहरु, विषय विज्ञहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखापरीक्षक लगायतका संवैधानिक आयोगका पदाधिकारीहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, कानून आयोगका पदाधिकारी लगायतसँग छलफल गरेको,
- सम्मानीय प्रधानमन्त्री र सम्मानीय सभामुखसँग पनि भेटघाट गरी आवश्यक सुझाव संकलन गरिएको,

- राष्ट्रिय सभाका सम्मानीय अध्यक्षज्यूको उपस्थितीमा सातवटै प्रदेशमा र तीन वटा स्थानीय तहमा समेत छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । यसै गरी तीन वटा स्थानीय तहमा पनि स्थलगत भ्रमण गरी सुझाव संकलन गरिएको,
- प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, अर्थमन्त्रालय, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग लगायतका मन्त्रालय र निकायहरुसँग प्रश्नावलीका आधारमा सूचना माग,
- सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय, प्रदेश सभा, प्रदेशका योजना आयोग, केही स्थानीय तह लगायतका निकायहरुसँग पनि प्रश्नावलीमार्फत् विवरण संकलनका लागि पत्रचार गरिएको,
- सभाको व्यस्त कार्यसूची, समिति सचिवालयमा खटाइएका कर्मचारीहरु पनि अन्य समिति तथा शाखामा दोहोरो/तेहेरो रुपमा कार्य जिम्मेवारी वहन गर्नु पर्ने अवस्था, नेपालीहरुको महान चाड दशैं, प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको चटारो, लगायतका कारण पनि समितिको क्रियाशिलतामा केही व्यवधान देखिएता पनि आफ्नो कार्यक्षेत्रका विषयमा रहेर गरेको गहन अध्ययन, समितिको बैठकमा भएका छलफल र निर्णय, प्रदेश र पालिका स्तरीय अन्तरक्रियाको आधारमा समितिले संघीय शासन प्रणालीको अन्तराष्ट्रिय सन्दर्भ, नेपालको संक्षिप्त शासकीय ईतिहास, नेपालमा संघीय शासन प्रणालीको उठान र यसको औचित्य, नेपालमा संघीयता कार्यान्वयनको सिलसिलामा विगत पाँच वर्षमा भए गरेका मुख्य-मुख्य उपलव्धी तथा चुनौतीहरु लगायत सिफारिश संलग्न गरी प्रतिवेदन तयार गरेको ।

## समितिको मन्तव्य

वि.स. २०७२ असोज ३ गते ऐतिहासिक संविधानसभामार्फत जारी संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधान र कानून वमोजिम संघ, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्न सक्ने र तीनै तहको एकल र साझा अधिकारका सूचि संविधानमा छ । एकात्मक व्यवस्थाको सिङ्गो राज्यको शक्तिलाई तीन तहका बीचमा विभक्त गरिनुलाई राज्यव्यवस्थामा आएको ठूलो परिवर्तनका रुपमा लिनुपर्दछ ।

संघ, प्रदेश र स्थानीय तह (संघीय इकाइ) ले आफनो अधिकारक्षेत्रभित्रको आर्थिक अधिकार सम्वन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्छन्। यसैगरी आफनो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजश्व उठाउन सक्दछन् ।

संघीय इकाइ आफनो एकल अधिकारभित्रको विषयमा कानून बनाउन स्वायत्त र छन् । तर साझा अधिकारका विषयमा कानून बनाउदा समन्वय र सहकार्य गर्नुपर्ने आशय संविधानको छ । संघीय इकाइ बीचको सम्वन्ध पनि सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने व्यवस्था संविधानमा छ, जस अनुसार एक तहले अर्को तहको अस्तित्वलाई स्वीकार गर्ने र कानून, नीति निर्माण लगायतका विषयहरुमा समन्वय र सहकार्य गर्नुपर्दछ भन्ने आशय संविधानको छ ।

संविधान जारी भएको करिब एक दशक भयो । संविधानको सबभन्दा ठूलो उपलब्धी संघीय लोकतान्त्रिक गणतन्त्र, वहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली, आवधिक निर्वाचन, स्वतन्त्र न्यायलय, मानव अधिकार, मौलिक हक, पूर्ण प्रेस स्वतन्त्रतालाई संवैधानिक अधिकारका रुपमा सुनिश्चितता प्रदान गर्नु हो । संघीय संरचना अनुसार आवधिक निर्वाचन भएको छोटो अवधिमा प्रदेश र स्थानीय तह चलायमान भएका छन् ।

२०७२ मा संविधान जारी भएतापनि यसको विधिवत् कार्यान्वयन २०७४ मा भएको तीनै तहको निर्वाचन पश्चात मात्र भएको हो । राज्यशक्तिको अधिकार सहितको तीन तहको सरकारको व्यवस्थाबाट नेपालले संघीयता कार्यान्वयनमा विल्कुल नयाँ प्रयोगको थालनी गरेको छ । नयाँ शासन व्यवस्थामा केही समस्या र द्विविधा हुनु स्वभाविक नै हो । यी समस्याहरुको समाधान लगायतमा सरकारको यथेष्ट ध्यानार्कषणका लागि राष्ट्रिय सभामा २०७९ जेष्ठ १९ मा संकल्प प्रस्ताव पेश भएको थियो । यसै संकल्प प्रस्तावका आधारमा सभाले संघीयता कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गरी आवश्यक कानूनी र नीतिगत सुधारको सिफारिश लगायतका लागि २०७९ जेष्ठ २० मा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन गरेको थियो । कार्यप्रारम्भ गरेको मितिले चार महिनाको समयावधी तोकिएको समितिले विधिवत् कार्यको थालनी २०७९ जेष्ठ २७ बाट गरेको थियो । समितिको पहिलो बैठकको छलफल राष्ट्रिय सभाका सम्मानीय अध्यक्षको समुपस्थितिमा संसदीय दलका नेताहरु, माननीय सदस्यहरु, संसदका महासचिव लगायतको उपस्थितिमा समितिको कार्ययोजना र कार्यविधिका विषयमा भएको थियो ।

बजेट अधिवेशनको संघारको अत्यन्तै व्यस्तताकाबीच पनि समितिले सातवटै प्रदेशमा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा राजनीतिक दल, नागरिक समाज, मुख्यमन्त्री, प्रदेशका सभामूख, प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका सदस्य, स्थानीय तहका पदाधिकारी, संचारकर्मी, निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्र लगायतका व्यक्ति तथा पदाधिकारीहरुको उपस्थिती रहेको थियो । यसैगरी तीनवटा स्थानीय तहमा पनि छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

समितिले विभिन्न राजनीतिक दलका शीर्षस्थ नेताहरु, संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेताहरु, प्रतिनिधि सभा र राष्ट्रिय सभाका संसदीय समितिका सभापतिहरु, संघीय संसद/संविधानसभाका

सदस्य तथा पुर्व सांसदहरु, पुर्व मुख्यमन्त्रीहरु, स्थानीय संघ/महासंघका पदाधिकारीहरु, प्रदेशका वहावाला र पूर्व प्रमुख सचिवहरु र विषय विज्ञ लगायत विभिन्न सरोकारवालाहरुसँग छलफल गरेको थियो ।

यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखापरीक्षक लगायतका संवैधानिक आयोगका पदधिकारीहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, काठमाण्डौ उपत्यकाका स्थानीय तहका प्रमुख र उपप्रमुखहरु, नेपाल कानुन आयोगका पदाधिकारीहरु, नेपाल सरकारका सचिवहरु, संघीय संसदका समितिका सचिवहरु, सर्वोच्च अदालतका रजिस्ट्रार लगायतसँग पनि छलफल गरी धारणा बुझेको थियो ।

समितिले सम्माननीय प्रधानमन्त्री र सम्माननीय सभामुखसँग भेट गरी समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा परामर्श र राय समेत लिएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, स्थानीय तह, प्रदेश योजना आयोग लगायतका निकायहरुसँग प्रश्नावलीका आधारमा विवरण माग गरिएको थियो । तर कतिपय निकायहरुबाट विवरण नै प्राप्त हुन सकेन । प्राप्त भएका विवरणमा पनि यथेष्ट सूचना नहुँदा प्रतिवेदन लेखनमा प्रदेशका गोष्टी र विभिन्न व्यक्ति तथा निकायहरुसँग भएका छलफललाई नै आधार मान्नुपर्ने अवस्था रह्यो । तर समयाभावका कारण समितिले चाहँदाचाहँदै पनि सरोकारवाला अन्य केही पदाधिकारी तथा निकायहरुसँग छलफल गर्न भने सकेन ।

समितिले विभिन्न चुनौतीहरुका बीचमा रहेर काम गर्नुपर्ने परिस्थिती सिर्जना भयो । यही अवधिमा सभामा विनियोजन विधेयकमाथिको छलफल भएको थियो । सभाबाट महत्वपूर्ण ३१ वटा बिधेयकहरु छलफल भई पारित भए । नेपालीहरुको महान चाड दशै, प्रतिनिधि सभा र प्रदेशसभाको चुनावको चटारो लगायतका कारण पनि समितिको क्रियाशीलतामा केही व्यवधान भयो।

समिति सचिवालयमा खटिएका कर्मचारीहरु पनि कार्यव्यवस्थासँग सम्वन्धित रहेका कारण सभा संचालनमा प्रत्यक्ष रुपमा संलग्न हुनुपर्ने, अन्य समिति तथा शाखामा दोहोरो/तेहेरो रुपमा कार्य जिम्मेवारी वहन गर्नु पर्ने भएकाले पूर्ण रुपमा समितिको काममा मात्र खटिन संभव भएन/थिएन । यसका वावजुद पनि सचिवालयका कर्मचारीहरुले जुन मेहनतका साथ काम गर्नुभएको छ, त्यो सहानीय छ । यो प्रतिवेदन कर्मचारीकै अथक मेहनतको उपज पनि हो ।

संघीय शासन प्रणालीको सवलीकरण विषयमा प्रदेशस्तरमा संचालन भएका सबै कार्यक्रमहरुमा राष्ट्रिय सभाका सम्मानीय अध्यक्ष आफै उपस्थित भई विषयको उठान र समस्याहरुको पहिचान लगायतमा समितिलाई प्राप्त अमूल्य सहयोगप्रति समिति कृतज्ञ छ । राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्ताव कार्यान्वयनको कार्यायोजना

तर्जुमाका लागि समितिले नेपाल सरकारलाई गरेको निरन्तर ताकेता र निर्देशनका कारण नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले संघीयता कार्यान्वयन कार्ययोजना, २०७९ स्वीकृत गरेको छ । यसका लागि नेपाल सरकारलाई समिति विशेष धन्यवाद दिन्छ र स्वीकृत कार्ययोजनाको अक्षरशः कार्यान्वयनको अपेक्षा गर्दछ ।

समितिको चार महिनाको अवधिमा ३४ वटा बैठक भएका छन् । समितिका हरेक बैठकहरु त्यत्तिनै महत्वपूर्ण छन् । समितिले समयमा नै आफनो काम सम्पन्न गरेको छ । तर अन्तिम समयमा केही प्राविधिक कारण प्रतिवेदन पेश गर्न संभव भएन । समितिको समयावधि एकहप्ता थपको अनुरोध सहित प्रतिवेदन पेश गरेका छौं ।

समितिलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न मार्गदर्शन गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षप्रति हार्दिक आभार व्यक्त गर्दछौं । सघीय शासन प्रणालीको सवलीकरण सम्बन्धमा समितिलाई सुझाव दिई मार्गदर्शन गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्री र सम्माननीय सभामुखप्रति आभारी छौ ।

राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरू, संघीय संसदका समितिका सभापतिहरू, बैठकमा उपस्थित भएर आफ्नो राय सुझाव प्रदान गर्नुहुने संघीय संसदका माननीय सदस्यहरूप्रति हार्दिक धन्यवाद छ । अन्तरक्रिया कार्यक्रममा महत्वपूर्ण सुझावहरु प्रदान गर्नुहुने सातै प्रदेशका मुख्यमन्त्रीहरु, पुर्वमुख्यमन्त्रीहरु, मन्त्रीहरु, प्रदेश सभाका सभामुख र देश सभाका सदस्यहरु, स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्रका प्रतिनिधीहरु, नागरिक समाजका प्रतिनिधिहरुप्रति विशेष धन्यवाद छ ।

प्रदेशस्तरीय र पालिकास्तरीय अन्तर्क्रिया कार्यक्रमहरुको व्यवस्थापकीय कार्यमा सहयोग पुर्याउने प्रदेश सरकार, प्रदेश सभा र सम्वन्धित पालिका तथा समितिको केही प्राविधिक एवं समन्वकारी सहयोगका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विशेष धन्यवाद छ।

नेपाल सरकारका माननीय मन्त्रीहरु, मुख्यसचिव, मन्त्रालयका सचिव, प्रमुख सचिव, विभिन्न आयोगहरु, विभागहरु तथा अन्य निकायका पदाधिकारीहरु, समितिको काममा समन्वयात्मक रुपमा सहयोग पुर्याउनु हुने संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, राजनीतिक दलका प्रतिनिधिहरु, समितिको कार्यलाई प्रत्यक्ष र परोक्ष रुपमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने विज्ञहरु, विभिन्न विषयका सरोकारवाला पक्षहरु, संचारकर्मीहरु समितिका सचिव, र समितिमा कार्यरत कर्मचारीहरु लगायत प्रत्यक्ष/परोक्ष सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको कार्यान्वयनबाट संघीय शासन प्रणाली सवल र सुदृढ हुने विश्वास गर्दै उल्लेखित सिफारिसहरु कार्यान्वयनका लागि नेपाल सरकार लगायत सरोकारवाला निकायहरुप्रति विशेष ध्यानार्कषण गराउछौं ।

अन्तमा, हामीलाई राष्ट्रिय सभाको सिङ्गो बैठकबाट विश्वाश गरेर जुन भूमिका र जिम्मेवारी प्रदान भयो, यसका लागि पुनः सम्मानीय अध्यक्ष लगायत राष्ट्रिय सभाका सबै माननीयहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| संयोजक | - | मा. खिमलाल देवकोटा |
| सदस्य | - | मा. उदय बहादुर बोहोरा |
| सदस्य | - | मा. प्रकाश पन्थ |
| सदस्य | - | मा. प्रमिला कुमारी |
| सदस्य | - | मा. माया प्रसाद शर्मा |
| सदस्य | - | मा. रामचन्द्र राई |
| सदस्य | - | मा. डा. विमला राई पौड्याल |

२०७९ कार्तिक १

## संघीय संसद, राष्ट्रिय सभाद्वारा गठित संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले नेपाल सरकार र सरोकार निकायलाई कार्यान्वयनको लागि गरेका सिफारिसहरू

| क्र.सं. | विषय/क्षेत्र | सुझाव/क्रियाकलाप | जिम्मेवार निकाय | समय सीमा | कैफियत |
|---|---|---|---|---|---|
| **(क) अधिकार क्षेत्रको थप स्पस्टता र संविधान संशोधनसँग सम्बन्धित** | | | | | |
| १ | कार्यविस्तृतीकरणको पुनरावलोकन | नेपालको संविधानको अधिकार सूची र यसको कार्य बिस्तृतीकरण/अनवन्डलिङ्गबाट समेत सरकारका तहहरुबीचको कार्य जिम्मेवारीमा अझै प्रष्टता नआएकाले ५ वर्षको अनुभव समेतका आधारमा कार्य विस्तृतीकरणलाई परिमार्जन गरी सरकारका तहहरुबीचको जिम्मेवारीमा थप प्रष्टता कायम गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८० वैशाख | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु र स्थानीय तहसँगको समन्वयमा । |
| २ | प्रदेश मन्त्रीको संख्या | प्रदेश मन्त्रालय र मन्त्रीको संख्याको वढोत्तरीका कारण प्रशासनिक खर्चमा भएको वृद्धि लगायतका कारण आम जनतामा संघीयता प्रतिको विश्वाशमा कमी आएको र व्यवस्थाप्रति नै नकारात्मक धारणा प्रवाह भएको स्थितीमा प्रदेश मन्त्रीको संख्या न्यूनतम ५ जना भन्दा कम नहुनेगरी कुल प्रदेश सभा सदस्य को १० प्रतिशतमा सिमित गर्ने । | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८० कात्तिक | संविधान संशोधन विधेयक पेश गर्ने । |
| **(ख) महिला लगायतका वर्गको अधिकार सुनिश्चिततासंग सम्वन्धित** | | | | | |
| ३ | स्थानीय तहमा महिला सहभागिता | स्थानीय तहको प्रमुख पदाधिकारी पदमा महिलाको सहभागितालाई थप सुनिश्चित गर्न कानूनमा सुधार गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८० कात्तिक | |
| ४ | समावेशी प्रतिनिधित्व सम्बन्धी कानुन | संविधानको धारा ३८(४), धारा ४२ र धारा ४७ को व्यवस्था कार्यान्वयन गर्न राज्यका हरेक निकायमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता, लैगिक तथा यौनिक अल्पसंख्यक, पिछडिएको क्षेत्रका नागरिक तथा आथिक रुपले विपन्न खस आर्यको सहभागिता सुनिश्चित गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८० असार | |
| ५ | महिला उम्मेदवारको सुनिश्चितता | प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा प्रत्येक दलले प्रत्यक्ष तर्फ उम्मेदवारी दिदा एक तिहाईमा नघट्ने गरी महिला उम्मेदवारको सुनिश्चितताका लागि आवश्यक कानूनी र नीतिगत व्यवस्था मिलाउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८० असार | |
| **(ग) संयुक्त समितिको निर्माण र समितिको निर्देशनको कार्यान्वयनसँग सम्बन्धित** | | | | | |
| ६ | संयुक्त संसदीय समिति | संघीय शासन प्रणाली र कानूनी शासनको निरन्तर अनुगमन र पृष्टपोषण लगायतका लागि व्यवस्थापिका संसदमा संघीयता कार्यान्वयन अनुगमन संयुक्त संसदीय समिति गठन गरी नियमित प्रतिवेदन प्रणालीको विकास गर्ने । | संघीय संसद | २०८० असार | |
| ७ | समितिको निर्देशन | सरकारलाई जनताप्रति उत्तरदायी बनाई शासन व्यवस्थाप्रति नागरिकको भरोसा बढाउन लगायतका लागि गठित संघीय संसद र प्रदेश संसदका समितिका निर्देशनको कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | निरन्तर | निर्देशनको प्रकृति अनुसार एक हप्ताभित्रमा कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| **(घ) संवैधानिक आयोगका सिफारिसको कार्यान्वयनसँग सम्बन्धित** | | | | | |
| ८ | संवैधानिक आयोगका सिफारिस | वित्तीय अनुशासन र सुशासन प्रवर्धन, भ्रष्टचार निवारण, कर्मचारी व्यवसथापन लगायतमा सुधार गर्न महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा अयोग, लगायतका सबै संवैधानिक आयोगका प्रतिवेदनहरुमा उल्लेखित सिफारिसहरुको कार्यान्वयनको वार्षिक क्यालेन्डर तर्जुमा गरी कार्यान्वयन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु र स्थानीय तह । | निरन्तर | एक कार्ययोजना बनाउने |
| **(ङ) संघीयता कार्यान्वयन कार्यायोजनासँग सम्बन्धित** | | | | | |
| ९ | संघीयता कार्यान्वयन कार्यायोजना | संघीयता कार्यान्वयन सम्बन्धी आवश्यक कानून, संगठन संरचना निर्माण र परिमार्जन, कर्मचारी व्यवस्थापन लगायत नेपाल सरकारले गर्न बाँकी कामको लगत बनाई कार्यन्वयनको निमित्त समयावधी सहितको कार्ययोजना निर्माण गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७९ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने । |
| १० | अनुशिक्षण | संघीय शासन प्रणालीका बारेमा नागरिक स्तरमा देखिएका विभिन्न खालका भ्रमहरु निवारण लगायतका लागि केन्द्रदेखि स्थानीय तहसम्म संघीयता, लोकतन्त्र र कानूनी शासन विषयक अनुशिक्षण र जनचेतनामूलक कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | निरन्तर | |
| **(च) विकेन्द्रिकरण योजनासँग सम्बन्धित** | | | | | |
| ११ | विकेन्द्रिकरण योजना | सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन संघीय सरकारले आफ्नो अधिकार क्षेत्रमा परेका कार्यजिम्मेवारी प्रदेश र स्थानीय तह र प्रदेशले स्थानीय तहमा निक्षेपण वा प्रत्यायोजन गर्न विकेन्द्रिकरण योजना बनाई उपयुक्त तहमा आफूलाई प्राप्त अधिकार, श्रोत साधन वा कर्मचारी तथा प्राविधिक सहयोग उपलब्ध गराउन कानूनी र नीतिगत व्यवस्था गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० कात्तिक | |
| **(छ) सुशासन, सेवा प्रवाह र मौलिक हकको कार्यान्वयन सँग सम्बन्धित** | | | | | |
| १२ | जनताको सहज पहुँच | सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने संविधानिक व्यवस्थाको पूर्ण कार्यान्वयन गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तह | निरन्तर | तीनै तहका सरकारको समन्वय र सहकार्यमा आवश्यक कानूनी र नीतिगत व्यवस्था निर्माणको नेतृत्व प्रधानमन्त्री कार्यालयले गर्ने । |
| १३ | जवाफदेहिता सम्बन्धी कानून | तीनै तहका सरकारका सबै निकायले नागरिक प्रतिको जवाफदेहिताको औजारहरु अनिवार्य रुपमा प्रयोग गरी पारदर्शीता र विश्वसनीयता स्थापित गर्ने र कर्मचारीहरुको निमित्त जवाफदेहिता सम्बन्धी कानून बनाउने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सेवाग्राहीको भिडभाड र सेवा | सेवाग्राहीको बढी भिडभाड हुने मालपोत, नापी, यातायात, भन्सार, वैदेशिक रोजगार, कर, जिल्ला प्रशासन, गाँउपालिका, नगरपालिका लगायतका कार्यालय तथा निकायहरुहरुले प्रदान गर्ने सेवालाई छिटो, छरितो, विश्वसनीय र सहज बनाउन अनलाईन, सेवाग्राही सहायता कक्ष, सिसिक्यामरा लगायतका विधी प्रयोग गर्ने । विचौलियाहरुको प्रवेशमा पूर्ण रोक लगाउने । अनुगमनन र निगरानीलाई प्रभावकारी<br>बनाउने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय/ निकाय, स्थानीय तह | २०८० वैशाख | |
| १५ | हेलो सरकार | नागरिकका गुनासाहरुको नियमित सम्वोधनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको "हेलो सरकार" जस्तै सबै मुख्यमन्त्री कार्यालय र स्थानीय तहमा पनि यस्तै खालको संरचनाको व्यवस्था गरी हरेक तहका सरकारले प्रत्येक दिन गुनासाहरुको फर्स्यौट गर्ने व्यवस्था मिलाउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु र स्थानीय तह । | पन्ध्र दिनभित्र | तीनै तहले गुनासा फर्स्यौट सुनिश्चितता सम्बन्धी कार्यविधीको निर्माण गर्ने |
| १६ | पछाडि परेका/ पारिएकावर्गको सम्मान | दलित लगायत पछाडि परेको/पारिएको वर्ग र समुदायको आत्मसम्मानमा अभिवृद्धिको लागि सशक्तिकरणको माध्यमबाट स्वतन्त्रतापूर्वक बाँच्न र जिउन पाउने अधिकारको सुनिश्चितता गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० कात्तिक | |
| १७ | विभेद र हिंसको निराकरण | फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, महिला, दलित लगायतमा गरिने विभेद र सबै प्रकारको हिंसा र दुर्व्यवहार नियन्त्रण र निराकरणका लागि भरपर्दो र विश्वासयोग्य वातावरण निर्माण गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | निरन्तर | |
| १८ | मौलिक हकको कार्यान्वयन | नागरिकको सामाजिक सुरक्षा, जेष्ठ नागरिकको सम्मानपूर्ण जिवन सुरक्षित, मानव अधिकारको प्रत्याभूति सहित सबै मौलिक हकसित सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयन गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| **(ज) समतामूलक समाज निर्माणसँग सम्बन्धित** | | | | | |
| १९ | समतामूलक समाज | संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र र समतामूलक समाज निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा जोड दिई तीन तहका सरकारबीचको सम्बन्धलाई प्राथामिकतामा राखेर आथिक क्रियाकलाप लगायतका कार्यहरु गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तह | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने |
| **(झ) प्रशासनिक संघीयतासँग सम्बन्धित** | | | | | |
| २० | प्रशासन सुधार आयोग | सिङ्गो प्रशासन संयन्त्रलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको भावनासँग तादाम्यता कायम गराउन प्रधानमन्त्रीको अध्यक्षतामा 'उच्चस्तरीय प्रशासन सुधार आयोग' गठन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८० असार | |
| २१ | प्रहरी समायोजन | प्रदेश प्रहरी र प्रदेश भित्रको शान्ति सुरक्षा प्रदेशको एकल अधिकार भएकाले प्रहरी समायोजन सम्पन्न गर्ने । | गृहमन्त्रालय | २०८० वैशाख | |
| २२ | प्रदेश र स्थानीय तहको कर्मचारीको अस्थायी | प्रदेश र स्थानीय तहमा कर्मचारीहरुको अभावका कारण ती निकायको कार्यसम्पादन र सेवा प्रवाहमा परेको तात्कालिक समस्याको समाधानका लागि आवश्यक कर्मचारी खटाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | एक हप्ता | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | |
| २३ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | संघ, प्रदेश तथा स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ प्रशासनिक संगठन संरचना लागु गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तह | २०८० असार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने |
| २४ | कर्मचारी आधाले कटौती | कामको जिम्मेवारी प्रदेश र स्थानीय तहमा तर कर्मचारी संघमा नै थुप्रिने/रमाउने स्थितीको अन्त्य लगायतका लागि संघमा रहेका कर्मचारी आधाले कटौती गर्ने कानूनी र नीतिगत व्यवस्था मिलाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८० असार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने |
| २५ | संघीय निजामती र सरकारी सेवा | संघीय निजामती तथा सरकारी सेवा सञ्चालन सम्बन्धी ऐन जारी गर्ने । | संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय र अन्य सरोकार मन्त्रालयहरु | २०८० असार | |
| २६ | प्रदेश निजामती र सरकारी सेवा | संघीय ऐनसँग तादम्य हुने गरी प्रदेशले प्रदेश निजामती तथा सरकारी सेवा व्यवस्थित गर्ने ऐन जारी गर्ने । | प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० भदौ | |
| २७ | संघीय र प्रदेश निजामतीमा तादम्यता | प्रदेशबाट जारी भएका प्रदेश निजामती तथा अन्य सरकारी सेवा ऐन संघीय ऐनसँग प्रतिकूल भएमा सामजस्यता मिलाउने । | प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० कात्तिक | |
| २८ | स्थानीय निजामती र सरकारी सेवा | संघीय र प्रदेश ऐनसँग तादम्य हुनेगरी स्थानीय तहले निजामती तथा सरकारी सेवा व्यवस्थित गर्ने ऐन जारी गर्ने । | स्थानीय तह | २०८० कात्तिक | |
| २९ | एक कार्यकाल र बढुवा | केन्द्रवाट प्रदेश तथा स्थानीय तहमा दरवन्दी भएको पदमा एक कार्यकाल (दुई वर्ष) सेवा नगरेमा बढुवा नहुने व्यवस्था मिलाउने । | संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय | २०८० वैशाख | |
| ३० | मागको आधारमा जिम्मेवारी | प्रदेश लोकसेवा आयोग मार्फत आवश्यक कर्मचारीको पदपूर्ति नहुन्जेलसम्मका लागि प्रदेश र स्थानीय तहको मागका आधारमा मात्र केन्द्रका कर्मचारी खटाउने र जिम्मेवारी तोक्ने व्यवस्था मिलाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | एक हप्ता | स्थानीय तहको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु मार्फत |
| ३१ | प्रमुख प्रशासकीय अधिकृतहरुको खटनपटन | संघीय निजामती सेवा ऐन जारी नहुँदासम्म प्रदेशभित्रका पालिकाहरुको प्रमुख प्रशासकीय अधिकृतहरुको जिम्मेवारी एकमुष्ट रुपमा प्रदेशलाई हस्तान्तरण गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७९ साल माघ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा |
| ३२ | कर्मचारीको सरुवा र काज | प्रमुख सचिव बाहेक प्रदेश मन्त्रालयका सचिवहरुको सरुवा र काजको जिम्मेवारी प्रदेश सरकारलाई दिने व्यवस्थाको कार्यान्वयन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | एक हप्ता | प्रदेश लोकसेवा आयोगले प्रदेश सचिवको पदपूर्ति नगरुन्जेलसम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | स्थानीय तहमा कर्मचारी व्यवस्थापन | प्रदेश कानून बमोजिम मात्र स्थानीय तहमा कर्मचारीको नियुक्ति तथा बढुवा गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८० कात्तिक | संविधानको धारा २२७ सँग अनुकूल हुने गरी |
| ३४ | कर्मचारीको दिर्घकालिन दायित्व | प्रदेश र स्थानीय तहले नेपाल सरकारको अनुदानमा अत्यधिक चाप पर्ने गरी दिर्घकालिन दायित्व सृजना हुने जस्तो कर्मचारीको संख्या थप गर्ने, कर्मचारीको तह वृद्धि र अवकासको उमेर हद वृद्धि गर्ने जस्ता कामहरु नगर्ने । | प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तह | एक हप्ता | |
| ३५ | आफू अनुकूलको निमित्त | प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतका पदहरुमा तल्लो तहका आफू अनुकूलका कर्मचारीलाई निमित्त बनाउने प्रवृत्तिले वित्तीय जोखिम बढ्ने र प्रशासन संयन्त्र कमजोर हुने हुँदा यसलाई सुधार गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय, स्थानीय तह | एक हप्ता | |
| ३६ | सेवा सुविधामा एकरुपता | तीन तहकै सरकारमा कार्यरत कर्मचारीको अवकाशको उमेर, योग्यता, सेवा सुविधा, वृत्ति विकास र मर्यादामा एकरुपता कायम गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालय | २०८० कात्तिक | |
| ३७ | उपसचिव प्रमुख प्रशासकीय अधिकृत | स्थानीय तहको कार्यजिम्मेवारी,वित्तीय स्रोत तथा साधन लगायतमा ठूलो परिवर्नन भएको सन्दर्भमा स्थानीय तहको प्रमुख प्रशाकीय अधिकृत उपसचिव भन्दा तल्लो दर्जाको कर्मचारी नहुने कानूनी तथा नीतिगत व्यवस्था मिलाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालय | २०८० बैशाख | |
| ३८ | कानून अधिकृत | स्थानीय तहको न्यायिक समिति र कानून निर्माण लगायतको कामलाई प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा कानून अधिकृतको व्यवस्था गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालय | २०८० बैशाख | |
| **(ञ) संस्थागत संरचनासँग सम्बन्धित** | | | | | |
| ३९ | राजनीतिक दलका संरचना | राजनीतिक दलहरुका प्रदेश र जिल्लास्तरका कमिटी/समिति लगायतका संरचनाहरुलाई संघीयतासँग अनुकूल हुने गरी परिमार्जन/निर्माण गर्ने । | राजनीतिक दलहरु | २०८० बैशाख | |
| ४० | समानान्तर संगठन संरचना | कुनै पनि तहको सरकारले अर्को तहको अधिकार क्षेत्रसँग समानान्तर हुने गरी संस्थागत संरचनाहरु निर्माण नगर्ने र निर्माण भएकाहरु खारेज गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| ४१ | आयोजना निर्माण | विभिन्न मन्त्रालय तथा निकायहरुमा आयोजना खडा गरी अनावश्यक रुपमा प्रशासनिक खर्च बढाउने प्रवृत्ति देखिएकाले यस्ता अनावश्यक संरचनाहरु हटाउने/खारेज गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| ४२ | अधिकृतमूलक कर्मचारी प्रणाली | मन्त्रालय तथा विभागहरु संस्थागत संयन्त्र तथा जनशक्ति व्यवस्थाका हिसाबले निकै बोझिलो रहेकाले संगठनको उत्पादकत्व र प्रभावकारिता वृद्धि गर्नको निमित्त संघीय मन्त्रालयमा जनशक्तिको व्यवस्थापन गर्दा अधिकृतमूलक प्रणाली विकास गर्ने दृष्टिले कर्मचारीको दरबन्दी सिर्जना गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८० असार | |
| ४३ | एकीकृत सेवा प्रवाह | प्रदेशले कुनै जिल्लामा अनावश्यक कार्यालयहरु वढी खोल्ने/राख्ने कुनै जिल्लामा खोल्दै नखोल्ने/नराख्ने भन्दा पनि प्रदेशका सबै मन्त्रालयहरुको एकीकृत सेवा प्रवाहका रुपमा जिल्लामा एउटै कार्यालय राख्ने । | प्रदेशका सबै मन्त्रालय | २०८० भदौ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | कार्यालय व्युत्याउने/ फर्काउने | खारेज भएका, खारेज हुने क्रममा रहेका, प्रदेशमा हस्तान्तरित भएका वोर्ड, विकास समिति, प्रतिष्ठान, परियोजनाहरु, आदि व्युत्याउने, केन्द्रमा नै फर्काउने कार्य अन्त गर्ने । | संघका सम्बन्धित मन्त्रालय | २०७९ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा गर्ने |
| ४५ | प्रदेशभन्दा तलको संरचना | संघीय सरकारले सुरक्षा क्षेत्र बाहेक प्रदेश भन्दा तल कुनै पनि संरचना गठन र कार्यक्रम सञ्चालन नगर्ने कानूनी र नीतिगत व्यवस्था गर्ने । | संघका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| ४६ | मन्त्रालय र विभागको चुस्तता | संविधानत धेरै कार्यजिम्मेवारी प्रदेश र स्थानीय तहमा हस्तान्तरित भएको स्थितीमा विभिन्न आयोग तथा समितिहरुले संघीय स्तरमा रहने मन्त्रालयको संख्या कटौती गर्ने सिफारिश गरेअनुसार संघीय मन्त्रालयहरुको संख्या १५ मा सिमित गर्ने । यसै गरी संघीय तहमा रहेका विभागहरु आधा भन्दा वढी कामविहीन अवस्थामा रहेको हुँदा आधा खारेज गर्ने गरी नीतिगत व्यवस्था मिलाउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८० असार | |
| **(ट) अन्तरतह समन्वय र सहकार्यसँग सम्बन्धित** | | | | | |
| ४७ | अन्तरप्रदेश परिषद र कार्यसमिति | प्रधानमन्त्रीको अध्यक्षतामा गठित अन्तर प्रदेश परिषदको कामलाई गतिशील बनाउन परिषद सदस्य, नेपाल सरकारका गृहमन्त्री को संयोजकत्वमा दुई जना मुख्यमन्त्री सम्मिलित कार्य समिति (Working Committee) बनाउने र यसको बैठक त्रैमासिक रुपमा गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८० असार / निरन्तर | अन्तर प्रदेश परिषदको वैठकले निर्णय गर्ने |
| ४८ | अन्य अन्तर तह समन्वयकारी संस्थाको क्रियाशिलता | राष्ट्रिय समन्वय परिषद, अन्तरसरकारी वित्त परिषद, विषयगत समिति र प्रदेश समन्वय परिषदको स्थायी सचिवालय निर्माण गरी नियमित रुपमा वैठक बसी बैठकका निर्णयहरु कार्यान्वयन गर्ने विधी बसाल्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| ४९ | प्रशासनिक समन्वय परिषद | संघ र प्रदेश तहको प्रशासनिक समन्वय र सहकार्यका लागि मुख्य सचिवको संयोजकत्वमा प्रदेशका प्रमुख सचिवहरु सम्मिलित 'प्रशासनिक समन्वय परिषद' गठन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७९ माघ | |
| ५० | प्रदेश प्रशासनिक समन्वय परिषद | प्रदेश र स्थानीय तहको प्रशासनिक अन्तरसम्बन्धका लागि प्रमुख सचिवको संयोजकत्वमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्मिलित 'प्रदेश प्रशासनिक समन्वय परिषद' गठन गर्ने । | मुख्यमन्त्री कार्यालय | २०७९ माघ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वय |
| ५१ | प्रदेश विषयगत समिति | स्थानीय संघ/महासंघको सिफारिसमा स्थानीय तहको प्रतिनिधित्व समेत रहने गरी प्रदेशका सम्बन्धित मन्त्रिको संयोजकत्वमा विषयगत समिति निर्माण गर्ने । | प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० वैशाख | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा |
| ५२ | प्रदेश र स्थानीय तहसँगको समन्वय | प्रदेश र स्थानीय तहसँगको समन्वय र सहजीकरण अलग-अलग निकाय/मन्त्रालयबाट हुने गरेकोमा एउटै निकाय/मन्त्रालयबाट हुने व्यवस्था गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७९ माघ | |
| ५३ | प्रदेश र पालिका र पालिका-पालिका बीचको समन्वय | प्रदेश र पालिका र पालिका-पालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद भएमा समाधान गर्न संविधानको धारा २३५ को उपधारा (२) बमोजिमको कानून प्रदेश सभाले बनाउने । | प्रदेश सभा | २०८० असार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | एकल अधिकार विषयका क्षेत्रमा कानून तर्जुमा | संघीय तहले एकल अधिकारका विषयमा कानून बनाउदा प्रदेशसँग र प्रदेशले स्थानीय तहसँग सुझाव लिने अभ्यासको थालनी गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | निरन्तर | |
| ५५ | विधेयक र विषयगत समिति | संघ र प्रदेश र तीनै तहका सरकारका साझा अधिकार सूचिका विषयमा कानून तर्जुमा गर्दा सरकारका तहहरु बीचको कानूनमा तादम्यताका लागि संसदमा विधेयक प्रस्तुत गर्नुभन्दा अगाडि विषयगत समितिमा छलफल गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | निरन्तर | |
| **(ठ) वित्तीय संघीयतासँग सम्बन्धित** | | | | | |
| ५६ | न्यूनतम कार्यजिम्मेवारी | सार्वजनिक सेवा प्रवाहका लागि प्रदेश र स्थानीय तहले गर्नुपर्ने न्युनतम कार्यजिम्मेवारीहरु के कति हुन⁄छन्, त्यसका लागि के कति वित्तीय स्रोत आवश्यक पर्दछ, निक्यौल गर्ने । | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | २०८० वैशाख | अर्थ मन्त्रालयसँगको समन्वयमा |
| ५७ | राजश्व क्षमता | प्रदेश र स्थानीय तहको राजश्व संकलनको विवरण र राजस्व क्षमताको पहिचान गर्ने । | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | निरन्तर | हरेक वर्ष प्रतिवेदन सार्वजनिक गर्ने |
| ५८ | आन्तरिक स्रोत परिचालन | प्रदेश र स्थानीय तहले राजश्व सुधार कार्ययोजना बनाई आन्तरिक स्रोत परिचालनलाई प्राथमिकतामा राखी कार्य गर्ने । | प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तह । | नियमित | |
| ५९ | विज्ञापन कर र मनोरन्जन कर | प्रदेश र स्थानीय तहको एकल-एकल अधिकार सूचिमा रहेका विज्ञापन कर र मनोरन्जन करको संकलन काठमाडौ लगायतका प्रमुख पालिकाहरुमा समेत अत्यन्तै न्यून देखिएकाले सुधार गर्ने । | प्रदेशको सम्बन्धित मन्त्रालयसँगको समन्वयमा सम्बन्धित स्थानीय तह | २०८० वैशाख | |
| ६० | घरजग्गा रजिष्ट्रेशन शुल्क | बजार मूल्यका आधारमा घरजग्गा रजिष्ट्रेशन शुल्क संकलन गर्ने विधी बसाल्ने र मालपोत र नापी कार्यालयको स्रेस्ता लगायतका व्यवस्थापकीय पक्षमा सुधार गर्ने । | स्थानीय तहसँगको समन्वयमा संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० वैशाख | |
| ६१ | सवारी साधन कर | सवारी साधन करको दरलाई सबै प्रदेशमा एकरुपता कायम गर्ने । यस करको निश्चित हिस्सा वन तथा वातावरण संरक्षण एवं सम्वर्द्धनमा प्रयोग गर्ने नीतिगत व्यवस्था गर्ने । | प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तह | २०८० वैशाख | |
| ६२ | खानीजन्य र नदीजन्य स्रोत | प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिमा रहेको खानीजन्य र नदीजन्य स्रोत ढुङ्गा, गिट्टी, बालुवा लगायतका स्थानीय प्राकृतिक स्रोत र साधनको संकलन र बाँडफाँडमा रहेको द्विविधा अन्तका लागि कानूनमा सुधार गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| ६३ | खानीजन्य र नदीजन्य स्रोत | खानीजन्य र नदीजन्य पर्दाथ ढुँगा, गिट्टी, वालुवा लगायतको संकलन, वितरण, नियमन लगायत र क्रसर उद्योग संचालन र व्यवस्थापन सम्बन्धी तीनै तहका सरकारको स्पष्ट भूमिका उल्लेख हुने गरी कानुनी व्यवस्था गर्ने, प्रचलित कानूनको उल्लंघन हुने गरी सञ्चालित क्रसर उद्योग हटाउने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | २०८० असार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६४ | प्राकृतिक स्रोतको परिचालन | प्राकृतिक श्रोतको दोहनमा स्वार्थ समूह हावी रहेको र अत्यधिक दोहनका कारण वातावरणीय ह्रास समेत देखिएको हुँदा रोकथाम नियन्त्रण लगायतका लागि आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| ६५ | प्राकृतिक स्रोतको परिचालनमा एकीकृत कानून | प्राकृतिक स्रोतको परिचालन तथा ब्यवस्थापनमा सरलीकरण गर्ने गरी एकीकृत कानुनको तर्जुमा गर्ने | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | |
| ६६ | ऋण अधिकार | प्रदेश र स्थानीय तहको ऋण ब्यवस्थापन प्रणालीको विकास गरी आन्तरिक ऋणको परिचालन व्यवस्थित गर्ने । | अर्थ मन्त्रालय | २०८० वैशाख | |
| ६७ | वित्त आयोगको क्षेत्राधिकार | संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था भए तापनि वित्तीय समानीकरण अनुदान बाहेकका अनुदानमा आयोगको क्षेत्राधिकार खुम्च्याउने गरी बनेका कानून सुधार गर्ने । | अर्थ मन्त्रालय | २०८० असार | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँगको समन्वयमा |
| ६८ | समानीकरण अनुदानको वढोत्तरी | नेपाल सरकारबाट प्रदेश र स्थानीय तह र प्रदेशबाट स्थानीय तहको वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउदै लैजाने विधीको परिपालन गर्ने । | अर्थ मन्त्रालय , प्रदेशको अर्थ हेर्ने मन्त्रालय | प्रत्येक वर्ष | |
| ६९ | समानीकरण अनुदान बाँडफाँडको तथ्यांकीय विवरण | वित्तीय समानीकरण अनुदान वितरणमा प्रयोग गरिएका तथ्यांकीय विवरण र बाँडफाँडलाई पारदर्शी र विश्वासयोग्य बनाउने । | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | प्रत्येक वर्ष | |
| ७० | शशर्त अनुदानका आयोजनाको बाँडफाँड | संघले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानीय तहलाई शशर्त आयोजना पठाउँदा क्रियाकलापगत रुपमा नपठाई विषयगत रुपमा क्षेत्रगत शर्त, लक्ष्य तथा अपेक्षित उपलब्धी तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | निरन्तर | |
| ७१ | अनुदानका ढोका | प्रदेश र स्थानीय तहलाई अनुदान बाँडफाँड गर्दा संविधानमा उल्लेखित अनुदान वितरणका चारवटा ढोका (समानीकरण, शशर्त, विशेष र समपुरक) बाहेकका अन्य ढोकाहरु नखोल्ने/प्रयोग नगर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | निरन्तर | |
| ७२ | प्रोत्साहनमा आधारित अनुदान | सेवा प्रवाह र विकास निर्माण लगायतका कामहरुमा स्थानीय- स्थानीयतह (पालिका-पालिका) का बीच प्रतिस्पर्धी गराउन वित्तीय समानीकरण अनुदानको कम्तिमा ५० प्रतिशत भागमा प्रोत्साहन तथा कार्यसम्पादनमा आधारित अनुदान प्रणाली लागू गर्ने । | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | २०८० असार | संघ र प्रदेशका सम्बन्धित मन्त्रालयको सहयोगमा |
| ७३ | स्थानीय तह राजश्व लगायतका समितिको क्रियाशीलता | केही स्थानीय तहहरुमा राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति क्रियाशील नभएको स्थितीमा कानून बमोजिम क्रियाशील गराउने | सम्बन्धित स्थानीय तह | तुरुन्त | |
| ७४ | दीर्घकालिन महत्वका योजना | संघ, प्रदेश र स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनामा समावेश भएका दीर्घकालीन महत्वका योजना तथा कार्यक्रमलाई प्राथामिकता दिने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ | श्रोतमा आन्तरिक ऋण | प्रदेश र स्थानीय तहले संस्थागत संरचना र कानूनी सुनिश्चितता बिना आन्तरिक ऋणलाई स्रोत देखाई बजेट तर्जुमा गर्ने प्रवृत्ति अन्त्य गर्ने । | प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | प्रत्येक वर्ष | |
| ७६ | नीति तथा कार्यक्रम र बजेट | तीन तहकै सरकारले नीति तथा कार्यक्रम, बजेट र आवधिक योजनाका बीच तादम्यता कायम गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | निरन्तर | |
| ७७ | समयमा बजेट | आर्थिक वर्ष शुरु भएको ६० दिनभित्र पनि गाँउसभा र नगरसभामा वार्षिक बजेट पेश गरी स्वीकृत नगर्ने स्थानीय तहको न्यूनतम समानीकरण अनुदान बाहेकको समानीकरण अनुदान कटौती गरी कटौती भएको रकम कार्य सम्पादनमा राम्रो गर्ने उही प्रदेशका स्थानीय तहमा वितरण गर्ने कानूनी व्यवस्था गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | प्रत्येक वर्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको समन्वयमा |
| ७८ | अवण्डा बजेट | संघ, प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्दा वार्षिक कार्यक्रम तथा योजनाहरुलाई क्रियाकलापगत रुपमा बाँडफाँट गर्ने, बजेटलाई अवण्डामा राख्ने प्रवृत्तिको अन्त गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | निरन्तर | |
| ७९ | बजेट तर्जुमामा छलफल | बजेट तर्जुमा गर्दा संघीय सरकारले प्रदेश र स्थानीय तह र प्रदेशले स्थानीय तहसँग नीतिगत रुपमा छलफल र अन्तरक्रिया गर्ने परिपाटीको विकास गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | निरन्तर | |
| ८० | बटम टु टप प्लानिङ्ग | तीन तहका सरकारका योजना तथा कार्यक्रमका बीचमा तादम्यता कायम गराउन (बटम टु टप) आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | निरन्तर | राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगको समन्वयमा |
| ८१ | बार्षिक विकास तथा कार्यक्रम सार्वजनिक | वित्तीय पारदर्शीता तथा आर्थिक अनुशासन कायम गर्न र आयोजना तथा कार्यक्रमहरुको दोहोरोपना अन्त्य लगायतका लागि बजेट प्रस्तुतकै समयमा संघीय तह र प्रदेश तहले मन्त्रालयगत बार्षिक विकास तथा कार्यक्रम सार्वजनिक गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | प्रत्येक बर्ष बजेट पेश गर्ने दिन | |
| ८२ | परियोजना वैंक | आयोजनाहरु झुल्कने (सनराईज) तर कहिल्यै नअस्ताउने (सनसेट) प्रवृत्तिको अन्त र सहभागितामूलक योजना तर्जुमा विधीबाट आएका परियोजनाहरुको बजेट तर्जुमामा सुनिश्चितता लगायतका लागि तीनै तहका सरकारले आयोजना बैकको अवधारणालाई कडाईका साथ लागू गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय/ निकाय र स्थानीय तह | | राष्ढ्यि योजना आयोग र प्रदेश योजना आयोगहरुको समन्वयमा । |
| ८३ | ५० प्रतिशत वडामा | सम्बन्धित स्थानीय तहले वडागत रुपमा बजेट बाँडफाँडको सन्तुलित, न्यायोचित र भरोसायोग्य आधार निर्धारण नगरुन्जेल कुल पूँजीगत बजेटको कम्तिमा ५० प्रतिशत वडाको जनसंख्या, भौगोलिक क्षेत्रफल, सामाजिक आर्थिक पूर्वाधार विकासको अवस्था लगायतका सूचकका आधारमा बाँडफाँड र कार्यान्वयन वडातहबाट नै गर्ने व्यवस्था गर्ने । | सम्बन्धित स्थानीय तह | २०८० वैशाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८४ | वडागत बाँडफाँड | मर्मत संम्भार बाहेक गाँउपालिकाले रु ५ लाख, नगरपालिकाले रु १० लाख, उपमहानगरपालिकाले रु १५ लाख र महानगरपालिकाले रु २० लाख भन्दा साना भौतिक पूर्वाधार विकासका आयोजनाहरु सञ्चालन गर्दा वडातहबाट गर्ने व्यवस्था गर्ने । | सम्बन्धित स्थानीय तह | २०८० वैशाख | |
| ८५ | संघीय र प्रदेश योजनाको सिमा | संघीय सरकारले राष्ट्रिय गौरव र अन्तरप्रादेशिक र प्रदेश सरकारले प्रदेश गौरव र अन्तर स्थानीय तह स्तरीय आयोजना छनौट र कार्यान्वयनको स्पस्ट आधार र मापदण्ड निर्धारण नगरुन्जेल तपशिल बमोजिमका विकास निर्माणका आयोजनाहरुको बजेटको सिमा तपसिल वमोजिम भन्दा कम नहुने गरी नीतिगत व्यवस्था मिलाउने ।<br>**विषयगत क्षेत्र** — **संघीय तह** — **प्रदेश तह**<br>**आर्थिक**<br>कृषि — ५ करोड — ५० लाख<br>सिचाई — ७ करोड — ५० लाख<br>नदी नियन्त्रण — ५ करोड — ५० लाख<br>जलाधार — ५ करोड — ५० लाख<br>उद्योग — ७ करोड — ५० लाख<br>पर्यटन — ५ करोड — ५० लाख<br>**सामाजिक**<br>शिक्षा — ५ करोड — ५० लाख<br>स्वास्थ्य — ५ करोड — ५० लाख<br>खानेपानी — ७ करोड — ५० लाख<br>खेलकुद — ७ करोड — ५० लाख<br>**पूर्वाधार**<br>सडक — १५ करोड — २ करोड<br>भवन — ५ करोड — ५० लाख<br>शहरी विकास — ७ करोड — ५० लाख<br>आवास तथा बस्ती विकास — ५ करोड — ५० लाख | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | योजना आयोगको समन्वयमा |
| ८६ | सीप विकास तालिम | संघीय र प्रदेश तहबाट सञ्चालित क्षमता विकास अभिवृद्धि र सीप विकासका तालिमहरु तहगत निकायको एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० वैशाख र निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८७ | वैदेशिक सहयोगका कार्यक्रम | वैदेशिक सहयोगबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरु जुन तहको सरकारको कार्य जिम्मेवारी भित्र पर्छन त्यहि तहबाट तर्जुमा र सञ्चालनमा ल्याउने परिपाटी विकास गर्ने । | अर्थ मन्त्रालय | २०७९ माघ | |
| ८८ | जग्गा प्राप्ती | जग्गा प्राप्तीको समस्याका कारण प्रदेश र स्थानीय तहको आयोजना तथा कार्यक्रम कार्यान्वयन लगायतमा परेको समस्या समाधान गर्ने । | प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०८० वैशाख | |
| **(ड) अन्य विषयसँग सम्बन्धित** | | | | | |
| ८९ | स्थानीय विधायिकी र न्यायिक अधिकार | स्थानीय तहको विधायिकी र न्यायिक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने । | प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | निरन्तर | |
| ९० | अनुगमन तथा मूल्यांकन | तीन तहकै सरकारद्धारा जिल्लामा सञ्चालित विभिन्न आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन जिल्ला समन्वय समिति मार्फत गर्ने/गराउने व्यवस्था मिलाउने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, स्थानीय तह | २०८० असार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक नीतिगत व्यवस्था गर्ने |
| ९१ | जि.स.स. र एकीकृत सेवा | जिल्ला समन्वय समितिलाई प्रदेशको सेवा प्रवाहको एकीकृत एकाईका रुपमा विकास गर्ने । | प्रदेशका सम्बन्धित मन्त्रालय | २०८० असार | नेपाल सरकारसँगको समन्वयमा |
| ९२ | विधेयक तर्जुमा | विधेयकको तर्जुमा प्रक्रियामा सर्वसाधारण नागरिक र सरोकारवालाहरुको सहभागिता सुनिश्चितता गराउन सम्बन्धित मन्त्रालयको वेभसाईटमा कम्तीमा पनि तीस दिनसम्म प्रकाशन गर्ने व्यवस्था मिलाउने । संघीय संसदमा विधेयक दर्ता भएपश्चात पनि नागरिकका सुझाव संकलन सम्बन्धी राष्ट्रिय सभा र प्रतिनिधि सभा नियमावलीमा भएको व्यवस्था कार्यान्वयन गर्ने । प्रदेश स्तरमा पनि यही गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय, संघीय संसद र प्रदेश संसद | **निरन्तर** | |
| ९३ | प्रत्यायोजित विधायन | कुनै पनि निकायले ऐनबाट अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै पनि स्वरुपका प्रत्यायोजित विधायन जारी नगर्ने । प्रत्यायोजित विद्यायनहरु जारी गर्नुभन्दा अगाडि कानून मन्त्रालयको स्वीकृत लिनुपर्ने व्यवस्था लागू गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय | **निरन्तर** | |
| ९४ | तहगत अधिकार | तहगत अधिकारक्षेत्रमा (संघले प्रदेश र स्थानीय तह र प्रदेशले स्थानीय तह) असर पर्ने विषयमा प्रत्यायोजित विधायन जारी नगर्ने । | | | |
| ९५ | विवरण अद्यावधिक | सरकारका अंगहरुले जिम्मेवारी अनुसारका कार्यहरु ईमान्दारिताका साथ कार्यान्वयन गरी नियमित रुपमा विवरण/सूचनाहरु अद्यावधिक गरी प्रकाशित गर्ने । | संघ, प्रदेश र स्थानीय तह लगायत राज्यका सबै अंगहरु | नियमित रुपमा | |
| ९६ | एकिकृत तथ्यांक प्रणाली | तीन तहको खर्च, सम्पति लगायत समग्र वित्तीय व्यवस्थालाई एकिकृत तथ्यांक प्रणालीमा आवद्ध गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २०८० वैशाख | |
| ९७ | वित्तीय सुशासन | सार्वजनिक लेखा समितिका काम कारवाही जस्तै स्थानीय तहमा वित्तीय अनुशासन/सुशासन प्रवर्द्धनका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालय | २०८० वैशाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९८ | जग्गाको अभिलेख | सरकारी र सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक गर्ने, भूउपयोग वर्गिकरण र भूउपयोग योजना तर्जुमा गर्ने । | संघ र प्रदेशका सम्वन्धित मन्त्रालय र स्थानीय तह | नियमित | |
| ९९ | निर्वाचित जनप्रतिनिधिलाई अनुशिक्षण | अन्तर तह समन्वय र सहकार्य, संघीय शासन प्रणाली, शुशासन लगायतका विषयमा हालै निर्वाचित स्थानीय तहका पदाधिकारी र मंसिर २०७९ को निर्वाचनमा विजयी भई कार्य आरम्भ गर्ने पदाधिकारीहरुका लागि अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | संघ र प्रदेशका सम्बन्धित मन्त्रालय/ निकाय | २०८० कात्तिक | |